# स्थानीय राजपत्र

बिगु गाउँपालिकाद्वारा प्रकाशित

| खण्ड १ | संख्या ५ | मितिः २०७४/११/१८ |
| --- | --- | --- |

**भाग २**

**बिगु गाउँपालिका**

नेपालको संविधानको धारा २१५ को उपधारा (१) बमोजिमको गाउँकार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७४ सालको कार्यविधि संख्या ५

## आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा सञ्चालन कार्यविधि/निर्देशिका, २०७४

**प्रस्तावना** :

नेपालको संविधानको धारा ३१ मा उल्लिखित शिक्षा सम्बन्धी हक : उपधारा (१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने छ । उपधारा (२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ । उपधारा (३) अपाङ्गता भएका र आर्थिकरूपले विपन्न नागरिकलाई निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ । उपधारा (४) दृष्टिविहिन नागरिकलाई ब्रेल

लिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने छ । उपधारा (५) नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

शिक्षाको गुणस्तर कायम गर्न विद्यार्थी मूल्याङ्कन महत्वपूर्ण पक्ष भएको, विद्यार्थी मूल्याङ्कनका विविध आधारमध्ये शिक्षा नियमावली २०५९ सातौं संशोधन परिच्छेद ८ मा व्यवस्था भए अनुसार निम्नमाध्यमिक तह परीक्षा परिचालन र नियन्त्रण भन्ने व्यवस्था राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ मा व्यवस्था भए अनुसार आधारभूत तह कक्षा ८ को अन्तमा लिइने परीक्षा र शिक्षाको अवधारणा अनुसार कक्षा ८ आधारभूत तहको अन्तिम कक्षा भएकोले आधारभूत तहको अन्तिम परीक्षा व्यवस्थापन गर्न जिल्ला शिक्षा कार्यालय दोलखाको मिति ........................... कक्षा ८ को परीक्षा स्थानीय तहले संचालन गर्ने निर्णय एवम् स्थानीय सरकार संचालन ऐन २०७४ परिच्छेद १५ को दफा ११ को उपदफा २ ज मा भएको व्यवस्था अनुसार शिक्षा सम्बन्धी काम कर्तव्य अधिकार साथै यही उपदफा २ ज को १४ मा भएको व्यवस्था अनुसार आधारभूत तह कक्षा ८ को अन्तमा लिइने परीक्षा सम्बन्धी अधिकार समेत भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १५ दफा १०२ को उपदफा २ बमोजिम कार्यबिधि बनाउन सक्ने प्रावधान बमोजिम यस विगु गाउँपालिको परीक्षा कार्यविधि २०७४, तयार गरी परीक्षा व्यवस्थान, संचालन, परीक्षाफल प्रकाशन, प्रमाणपत्र वितरणसम्मका कामकाज गर्न यो कार्यबिधि २०७४  विगु गाउँपालिका दोलखाबाट मिति २०७४/११/१८ गते अनुमोदन गरी जारी गरिएको छ ।

## परिच्छेद एक

### १. संक्षिप्त नाम र प्रारम्भ

१.१ यस कार्यविधिको नाम विगु गाउँपालिका स्तरीय आधारभूत तहको अन्तमा लिइने परीक्षा संचालन कार्यबिधि/निर्देशिका २०७४ रहेको छ।

यो निर्देशिका विगु गाउँकार्यपालिकाले पारित गरेको मिति देखि लागू हुनेछ ।

**१.२ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा**

१.२.१ "विद्यालय" भन्नाले विगु गाउपालिकाका कक्षा १ देखि १२ सम्मको शैक्षिक संरचनालाई बुझ्नुपर्दछ ।

१.२.२ "गाउँपालिका" भन्नाले विगु गाउँपालिका दोलखा बुझ्नु पर्दछ ।

१.२.३ "परीक्षा" भन्नाले कक्षा ८ को आधारभूत तहको अन्तिममा लिइने परीक्षालाई बुझ्नु पर्दछ।

१.२.४ "परीक्षा समिति" भन्नाले कक्षा ८ को आधारभूत तहको अन्तिम परीक्षा संचालन गर्ने परीक्षा समितिलाई बुझ्नु पर्दछ ।

१.२.५ "परीक्षा शाखा" भन्नाले आधारभूत तह तथा माध्यमिक शिक्षा एकाइ अन्तर्गत आधारभूत तहको कक्षा ८ को अन्तिम परीक्षा सञ्चालनका लागि गठन गरिएको एक परीक्षा शाखालाई बुझ्नु पर्नेछ। उक्त शाखाले सफ्टवेयर सम्बन्धी कार्य, मार्कलेजर बाइण्डिङ, प्रमाणपत्र व्यवस्थापन, अभिलेखीकरण, लब्धाङ्कपत्र छपाइ, वितरण र व्यवस्थापन लगायतका काम सम्पादन गर्नेछ । उक्त कार्यका लागि आवश्यक भौतिक पूर्वाधार विगु गाउपालिकाले गर्नेछ ।

१.२.६ प्र.अ. भन्नाले विद्यालयका प्रधानाध्यापकलाई सम्झनु पर्नेछ ।

## परिच्छेद दुई

**२. आधारभूत तहको अन्तिम परीक्षा समितिको संरचना :**

२.१ कक्षा ८ को अन्तिममा लिइने आधारभूत तह परीक्षा संचालन, उत्तर पुस्तिका व्यवस्थापन, उत्तर पुस्तिका परीक्षण/सम्परीक्षण, नतीजा प्रकाशन, प्रमाणपत्र वितरण, प्रमाणपत्र, अभिलेख व्यवस्थापन समेतका कामका लागि विगु गाउपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा आधारभूत तथा माध्यमिक शिक्षा एकाइका शाखा प्रमुखको अध्यक्षतामा तपसिल बमोजिमका सदस्य रहेको ७ सदस्यीय एक परीक्षा समिति

रहने छ ।

(क) विगु गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत वा आधारभूत तथा माध्यमिक शिक्षा एकाइका शाखा प्रमुख – अध्यक्ष,

(ख) विगु गाउँपालिकाभित्रका गौरीशकर, शान्ति आर्दश, हिमालय मावि स्रोतकेन्द्रका सामुदायिक विद्यालयका प्रअ ३ जना – सदस्य

(ग) गाउँपालिकाले तोकेको गाउँपालिका भित्रको सामुदायिक विद्यालयको १ जना प्रअ – सदस्य

(घ) विगु गाउँपालिका भित्रका स्रोतकेन्द्रका स्रोतव्यक्तिहरुमध्ये एक जना – सदस्य

(ङ) विगु गाउँपालिका भित्रका स्रोतव्यक्ति मध्ये एकजना – सदस्य सचिव

सल्लाहकार (पदेन) :

(क) अध्यक्ष, विगु गाउँपालिका

(ख) उपाध्यक्ष, विगु गाउँपालिका

(ग) संयोजक, विगु गाउँपालिका सामाजिक विकास समिति सयोजक

(घ) अध्यक्ष, नेपाल शिक्षक महासंघ, विगु गाउँपालिका

## परिच्छेद तीन

### ३. परीक्षा संचालन प्रक्रिया :

३.१ **परीक्षा शुल्क/परीक्षा फाराम :** सामुदायिक विद्यालयको हकमा कक्षा ८ को आधारभूत तह अन्तिम परीक्षाको लागि कुनै शुल्क लिइने छैन । तर संस्थागत विद्यालयको हकमा भने परीक्षा समितिले तोके बमोजिमको हुनेछ । कक्षा ८ को आधारभूत तहको अन्तिम परीक्षाको परीक्षार्थीका लागि भरिने आवेदन फाराम विगु गाउँपालिकाको आधार

भूत तहको अन्तमा लिइने परीक्षा समितिले तोकेको ढाँचामा हुनेछ। यसरी तोकेको फाराम विद्यालय मार्फत परीक्षामा सम्मिलित सबै विद्यार्थीलाई भर्ने व्यवस्था मिलाइने छ। सो फाराममा नाम, ठेगाना, जन्ममिति, बाबुआमाको नाम, विद्यार्थीका प्रयोगात्मक प्राप्ताङ्क आदि विवरणहरु भर्ने व्यवस्था गरिने छ । यी विवरणहरुको शुद्धताको हकमा विद्यालयका प्रअलाई जिम्मेवार बनाइनेछ । परीक्षार्थीको आवश्यक विवरण फरक परेमा यसका लागि सम्बन्धित विद्यालयका प्रधानाध्यापक जिम्मेवार रहनेछन् ।

**३.२ खाता सञ्चालन सम्बन्धमा :** कक्षा ८ को आधारभूत तहको अन्तिम परीक्षा खर्च/आम्दानीका लागि छुट्टै खाता सञ्चालन गरिने छ सो खाता संचालन नभए सम्मको लागि गाउँपालिकाको खाताबाट नै काम काज गर्न बाधा पर्ने छैन । सो खाता प्रमुख प्रशासकीय अधिकृत वा आधारभूत तथा माध्यमिक शिक्षा एकाइका प्रमुख र विगु गाउँपालिकाका लेखाशाखा प्रमुखको नाममा खाता संचालन गरिनेछ। सो खाताको नाम "आधारभूत तह अन्तिम परीक्षा समिति विगु" रहने छ ।

**३.३ प्रश्नपत्र निर्माण :** यस विगु गाउँपालिका अन्तर्गतका विद्यालयहरुको आधारभूत तह कक्षा ८ को अन्तिम परीक्षा सञ्चालनार्थ प्रश्नपत्र निर्माणका लागि विषय शिक्षकहरुबाट सम्बन्धित विषयका प्रश्नपत्रहरु पाठ्यक्रम विकास केन्द्रबाट तोकिएको पाठ्यभार, अङ्भार, विषय क्षेत्र, विशिष्टीकरण तालिका (ग्रीड), समय र पूर्णाङ्क आधार मानी तोकिएको ढाँचामा प्रश्नपत्र निर्माण गर्न लगाई आधारभूत तथा माध्यमिक शिक्षा एकाइको परीक्षा शाखामा संङ्कलन गरी प्रश्नपत्र बैंक निर्माण गरी सङ्कलित प्रश्नपत्रबाट विषयविज्ञ/स्रोतव्यक्तिहरुबाट प्रश्नपत्र परिमार्जन, संशोधन तथा परिष्करण गरी सम्बन्धित विषयका अलग अलग २/२ वटा प्रश्नपत्र तयार गरिने छ । यसरी तयार गरिएका प्रश्नपत्रहरु मध्ये एक प्रति प्रश्नपत्र मुद्रणका लागि छनौट

गरिनेछ । यसरी प्रश्नपत्र परिष्करणका लागि गोपनीयतालाई विशेष ध्यान दिइने छ । प्रश्न पत्र निर्माण गरेवापत अनुसुचि १ मा भएको व्यवस्था बमोजिम पारिश्रमिक प्रदान गरिने छ ।

३.४ **प्रश्नपत्र छपाइ तथा वितरण :** आधारभूत तह कक्षा ८ को अन्तिम परीक्षाको प्रश्नपत्र छपाइका लागि गोपनीयतालाई ध्यान दिंदै कम्तिमा ३ वटा छापाखानाबाट दरभाउपत्रबाट घटाघटमा प्रतिष्पर्धाबाट योग्यतम छापाखानालाई प्रश्नपत्र छपाइ कार्य गर्ने व्यवस्था मिलाइने छ । यस छनौटमा प्रश्नपत्रको गोपनीयतालाई पहिलो शर्तको रुपमा लिइने छ । यस विगु गाउँपालिकाको आधारभूत तह कक्षा ८ को अन्तिम परीक्षा सञ्चालनार्थ प्रश्नपत्र मुद्रण पश्चात् प्याकेजिङका लागि गोपनीयतालाई ध्यानमा राखी आधारभूत तथा माध्यमिक शिक्षा एकाइको निगरानी तथा पहलमा प्याकेटिङ तथा वितरणको व्यवस्था मिलाइने छ ।

**३.५ उत्तर पुस्तिका छपाइ, वितरण, परीक्षण एवम् सम्परीक्षण :**

३.५.१ **उत्तर पुस्तिका छपाइ** : उत्तर पुस्तिका छपाइका लागि विद्यमान आर्थिक नियमावली अनुसार कम्तिमा पनि ३ ओटा छापाखाना/फर्मबाट दरभाउ माग गरी घटाघटको आधारमा प्रतिष्पर्धा गराई योग्यतम् छापाखाना वा फर्म छनोट गरिने छ । उत्तर पुस्तिका परीक्षण एवम् सम्परीक्षण वापत अनुसुचि २ मा उल्लेख गरिए बमोजिमको रकम उपलव्ध गराईने छ ।

३.५.२ **उत्तर पुस्तिका वितरण :** विद्यालयहरुमा उत्तरपुस्तिका वितरणका लागि विद्यालयको विद्यार्थी संख्यालाई आधार मानी गाउँपालिका मार्फत वितरण गर्ने व्यवस्था मिलाइने छ ।

३.५.३ **उत्तर पुस्तिका परीक्षण तथा सम्परीक्षण :** उत्तर पुस्तिका परीक्षणका लागि सम्बन्धित विषयको विषय शिक्षकलाई नै जिम्मा दिइने छ । उत्तर पुस्तिका परीक्षण गराउने जिम्मा यस कार्यविधिमा उल्लेख गरिएको आधारभुत परीक्षा संचालन समितिको हुनेछ । परीक्षण गरिएका उत्तरपुस्तिका र मार्कस्लीप सम्बन्धित विद्यालयका

प्रधानाध्यापकद्वारा स्रोतकेन्द्रमार्फत संकलन गर्ने व्यवस्था मिलाइने छ । उत्तर पुस्तिका र मार्कस्लीप संकलन गर्दा २ चरणमा गरिने छ । पहिलो चरणमा परीक्षा संचालन भएको तेस्रो दिन अघिल्ला ३ विषयका उत्तरपुस्तिका र मार्कस्लीप संकलन गर्ने व्यवस्था मिलाइने छ । दोस्रो चरणमा परीक्षा समाप्त भएको चौथो दिन अनिवार्यरुपमा बाँकी विषयका उत्तरपुस्तिका र मार्कस्लीप गाउँपालिकामा संकलन गर्ने व्यवस्था मिलाइने छ। गाउँपालिकामा संकलित परीक्षण गरिएका उत्तरपुस्तिकाको सम्परीक्षणको व्यवस्था समितिले तोके बमोजिम गरिने छ ।

**३.५.४ केन्द्राध्यक्ष तथा निरिक्षक सम्वन्धि व्यवस्था** : यस गाउँपालिका भित्र रहेका आधारभुत तह ( कक्षा ८)को परीक्षा व्यवस्थित र मर्यादित बनाउन प्रत्येक केन्द्रमा एक जना केन्द्राध्यक्ष र आवश्यक संख्यामा निरीक्षक तोकिने छ । जसको पारिश्रमिक अनुसुची ३ मा भए बमोजिम व्यवस्था गरिने छ । सो को व्यवस्था परीक्षा संचालन समितिले गर्ने छ ।

## परिच्छेद चार

४. **टेबुलेशन (प्रविष्टी)**: परीक्षार्थीले प्राप्त गरेको प्राप्ताङ्कको विवरण टेबुलेशनका लागि उत्तरपुस्तिकाको परीक्षण पश्चात् प्राप्त मार्कस्लीपबाट प्राप्ताङ्कलाई आवश्यक जनशक्तिको व्यवस्था गरी परीक्षा समितिले गर्ने गराउने व्यवस्था मिलाइनेछ ।

## परिच्छेद पाँच

५. **सफ्टवेयर सम्बन्धी व्यवस्था** : प्रविधियुक्त तथ्याङ्क व्यवस्थापन गर्न, तथ्यांक विश्वसनीय, व्यवस्थित र समयसापेक्ष गराउन विगु गाउँपालिकामा प्रविधि/सफ्टवेयरको व्यवस्था आवश्यक भएकोले विगु गाउँपालिकाको सूचना र प्रविधिसंग सम्बन्धित जनशक्ति अथवा बाह्य स्रोत प्रयोग गर्दै कक्षा ८ को आधारभूत तहको अन्तिम परीक्षा सम्बन्धी तथ्याङ्क, लब्धाङ्कपत्र

तथा प्रमाणपत्रका लागि आवश्यक पर्ने सफ्टवेयर तथा टेवुलेशन गर्न विगु गाउँपालिकाबाट व्यवस्था गरिने छ। जसका लागि अनुसुचि ५ मा भएको व्यवस्था बमोजिम पारिश्रमिकको व्यवस्था गरिने छ।

## परिच्छेद छ

६. **परीक्षाफल प्रकाशन:** परीक्षार्थीहरुको उत्तर पुस्तिका विषय शिक्षकबाट परीक्षण पश्चात् प्राप्त प्राप्ताङ्कको तालिकीकरण पश्चात् शैक्षिक सत्रको अन्तसम्ममा परीक्षाफल प्रकाशन गरिनेछ।

## परिच्छेद सात

७. **पुनर्योग :** कक्षा ८ को आधारभूत तहको अन्तिम परीक्षाको नतीजामा चित्त नबुझी पुनर्योगका लागि नतीजा प्रकाशन भएको ७ दिन भित्र तोकिएको शुल्क सहित विद्यालय मार्फत पुनर्योगका लागि आवेदन सङ्कलन गरी परीक्षा समितिले पुनर्योगको व्यवस्था मिलाउन सक्नेछ। निवेदन पेश गर्न तोकिएको अन्तिम मिति पछिको सातौं दिन भित्र पुनर्योगको नतीजा प्रकाशनको व्यवस्था मिलाइने छ।

## परिच्छेद आठ

८. **परीक्षा अनुगमन :** कक्षाा ८ को आधारभूत तहको अन्तिम परीक्षा व्यवस्थित, मर्यादित, स्तरीय गराउन परीक्षा सञ्चालनको अवधिमा परीक्षा केन्द्र, परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण, प्रश्नपत्र निर्माण, नतीजा प्रकाशन आदि परीक्षा सम्बद्ध सम्पूर्ण पक्षको अनुगमन तथा निरीक्षणका लागि एउटा अनुगमन समिति रहने छ। उक्त अनुगमन समिति देहाय बमोजिमको रहने छ -

संयोजक : अध्यक्ष , विगु गाउँपालिका

सदस्य : उपाध्यक्ष, विगु गाउँपालिका

सदस्य : प्रमुख प्रशासकीय अधिकृत, विगु गाउँपालिका

विगु गाउँपालिका, दोलखा

सदस्य : संयोजक, सामाजिक विकास समिति, विगु गाउँपालिका

सदस्य : स्रोतव्यक्तिहरु २ जना, विगु गाउँपालिका

सदस्य : विगु गाउँपालिका भित्र रहेका स्रोत केन्द्र भएका विद्यालयका प्रअ ३ जना सदस्य

सदस्य : अध्यक्ष, नेपाल शिक्षक महासंघ, विगु गाउँपालिका

सदस्य : प्रतिनिधि, प्याब्सन तथा एनप्याब्सन १/१ जना ।

## परिच्छेद नौ

९. **प्रमाणीकरण :** कक्षा ८ को आधारभूत तहको अन्तिम परीक्षासंग सम्बन्धित तथ्याङ्क, लब्धाङ्क पत्र तथा प्रमाण पत्र प्रमाणीकरण आधारभूत तहको अन्तिम परीक्षाका अध्यक्ष वा आधारभूत तथा माध्यामिक शिक्षा एकाई प्रमुखद्वारा गरिने छ ।

## परिच्छेद दश

१०. **विविध :** कक्षा ८ को आधारभूत तहको अन्तिम परीक्षा सञ्चालन सम्बन्धी माथि लेखिएका बाहेकका अन्य अत्यावश्यक कामकाजका लागि सम्पूर्ण अधिकार आधारभूत तह कक्षा ८ को अन्तिम परीक्षा समितिको रहने छ । परिक्षा समितिको वैठक आवश्यकता अनुसार वस्नेछ । बैठकवसे पश्चात प्रति वैठक अनुसुची ५ मा भएको व्यवस्था बमोजिम पारिश्रमिकको व्यवस्था गरिनेछ ।

## अनुसुचि १

(कार्यविधिको दफा ३ को उपदफा ३.३ सँग सम्वन्धित)

| क.सं. | विवरण | रकम |
|---|---|---|
| १ | सय पुर्णाङको प्रश्न पत्र निर्माण वापत | प्रति प्रश्न रु ५०० |
| २ | पचास पुर्णाङको प्रश्न पत्र निर्माण वापत | प्रति प्रश्न ३०० |

## अनुसुचि २

(कार्यविधिको दफा ३ को उपदफा ३.५को ३.५.३ सँग सम्वन्धित)

| क.सं. | विवरण | रकम |
|---|---|---|
| १ | सय पुर्णाङको उत्तर पुस्तिका परीक्षण वापत | प्रति उत्तर पुस्तिका रु १५ |
| २ | पचास पुर्णाङको उत्तर पुस्तिका परीक्षण वापत | प्रति उत्तर पुस्तिका रु ७.५ |
| ३ | समपरीक्षण वापत । Proof reading | प्रतिउत्तर पुस्तिका रु ३ र ५० पुर्णाङ्कको रु २ |

## अनुसुचि ३

(कार्यविधिको दफा ३ को उपदफा ३.५को ३.५.४ सँग सम्वन्धित)

| क.सं. | विवरण | रकम |
|---|---|---|
| १ | केन्द्राध्यक्ष वापत | प्रतिदिन रु ३०० |
| १ | निरीक्षण वापत | प्रति दिन खाजा खर्च वापत २०० |

## अनुसुचि ४

(कार्यविधिको दफा ५ सँग सम्वन्धित)

| क्र.सं. | विवरण | रकम रु |
|---|---|---|
| १ | प्रति विद्यार्थी प्रविष्टी वापत | २५ |

## अनुसुचि ५

(कार्यविधिको दफा  सँग सम्वन्धित)

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | बैठक भत्ता वापत | प्रति बैठक १००० |

**प्रमाणीकरण मितिः २०७४।११।१८**

**आज्ञाले,**
**नवराज ओली**
**प्रमुख प्रशासकीय अधिकृत**

विगु गाउँपालिका, दोलखा